# नागरिक लगानी कोष
## केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौं
## कार्यक्षमता मूल्यांकनद्वारा बढुवा सम्बन्धी दरखास्त आह्वानको सूचना
### प्रकाशन मिति २०८२/१०/०९

नागरिक लगानी कोषमा रिक्त रहेका देहायका पदहरुमा लोक सेवा आयोगबाट सहमती प्राप्त भए अनुसार कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाबाट पदपूर्ति गरिने भएकोले मिति २०८२ असार मसान्तसम्म कोषको कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली, २०८१ मा भएको व्यवस्था बमोजिम न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुरा गरेका उम्मेदवारहरुले शैक्षिक योग्यताको प्रमाणपत्र लगायत आवश्यक कागजातका प्रतिलिपीहरु स्वयम्ले प्रमाणित गरी यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तोकिए बमोजिमको दरखास्त फाराम भरी कोषको केन्दीय कार्यालय, प्रशासन महाशाखा, नयां बानेश्वर, काठमाण्डौंमा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र दरखास्त फाराम तथा अन्य आवश्यक कागजातहरु प्राप्त नभएको कारणबाट बढुवामा असर पर्न गएमा सम्वन्धित कर्मचारीनै जवाफदेही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । दरखास्त फाराम कोषको वेबसाईट www.nlk.org.np बाट डाउनलोड गर्न सकिनेछ ।

| बिज्ञापन नं. | पद/तह | सेवा | रिक्त पद संख्या |
|---|---|---|---|
| ०१/२०८२-८३ | मुख्य व्यवस्थापक, एघारौ | प्रशासन | २ (दुई) |
| ०२/२०८२-८३ | नायव व्यवस्थापक, नवौ | प्रशासन | २ (दुई) |
| ०३/२०८२-८३ | उप व्यवस्थापक, आठौं | प्रशासन | १ (एक) |
| ०४/०८२-८३ | अधिकृत, सातौ | प्रशासन | १ (एक) |
| ०५/०८२-८३ | डाटावेस एडमिनिष्ट्रेटर, सातौ | प्राविधिक | २ (दुई) |
| ०६/०८२-८३ | सहायक अधिकृत, छैठौं | प्रशासन | १ (एक) |
| ०७/०८२-८३ | वरिष्ठ सहायक, पाँचौ | प्रशासन | २ (दुई) |
| ०८/०८२-८३ | वरिष्ठ कम्प्यूटर अपरेटर, पाँचौ | प्राविधिक | १ (एक) |

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# नागरिक लगानी कोष
## केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौं
## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा बढुवा सम्वन्धी दरखास्त आह्वानको सूचना
**प्रकाशन मिति २०८२/१०/०९**

नागरिक लगानी कोषमा रिक्त रहेका देहायका पदहरुमा लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा बढुवा गरी पदपूर्ति गरिने भएकोले देहायका पदमा दरखास्त दिने अन्तिम मितिमा बढुवा हुने तह भन्दा एक तह मुनिको पदमा कोषको कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली, २०८१ मा भएको व्यवस्था बमोजिम न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका सम्भाव्य उम्मेदवारहरुले तोकिएको दरखास्त फाराम भरी कोषको लक्ष्मी बैंक लि. नयांबानेश्वर स्थित खाता नं. ०१२११०३४१४१ मा अधिकृतस्तरको लागि रु.१,०००।- र सहायकस्तरको लागि रु.६००।- परीक्षा दस्तुर बुझाई यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र कोषको केन्द्रीय कार्यालय, प्रशासन महाशाखा, नयां बानेश्वर, काठमाण्डौंमा दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । **लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।** दरखास्त फाराम र पाठ्यक्रम कोषको वेबसाईट www.nlk.org.np बाट डाउनलोड गर्न सकिनेछ ।

| बिज्ञापन नं. | पद/तह | सेवा | रिक्त पद संख्या |
|---|---|---|---|
| ०९/०८२-८३ | नायव व्यवस्थापक, नवौ | प्रशासन | १ (एक) |
| १०/०८२-८३ | उप व्यवस्थापक, आठौ | प्रशासन | १ (एक) |
| ११/०८२-८३ | अधिकृत, सातौ | प्रशासन | १ (एक) |

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# नागरिक लगानी कोष
# केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौं

**खुला प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना**

**प्रकाशन मिति २०८२/१०/०९**

लोक सेवा आयोगको सहमति अनुसार नागरिक लगानी कोषमा रिक्त रहेका देहाय बमोजिमका पदहरुमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र तथा शैक्षिक योग्यता लगायत यस सूचनामा उल्लेखित अन्य कागजात तथा प्रमाणपत्रका प्रतिलिपिहरु समेत संलग्न राखि यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र तह पाचौं र छैठौको लागि कोषको वेबसाईट www.nlk.org.np को careers भित्र गई वा सोझै https://vacancy.nlk.org.np मार्फत तथा **चौथो तहको हकमा लोकसेवा आयोगबाट मिति २०८२/०७/१५ मा एकीकृत परीक्षा प्रणालीको आधारमा संचालित पूर्व योग्यता परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र** र तोकिएको अन्य कागजात संलग्न गरी https://uvms.epf.org.np मार्फत तोकेको दरखास्त फाराम भरी connect IPS वा Esewa मार्फत तोकिएको दस्तुर जम्मा गरी अनलाईन दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विज्ञापित पदहरुको पाठ्यक्रम कोषको वेबसाईटबाट डाउनलोड गर्न सकिनेछ। विदेशी विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेका आवेदकले आधिकारिक निकायबाट जारी भएको समकक्षताको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ। रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्यरुपमा संलग्न गर्नुपर्ने कागजातहरु संलग्न नभई पेश हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन। **लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ।**

| विज्ञापन नं. | पद | तह | सेवा | कुल माग संख्या | खुल्ला | समावेशी समूहतर्फ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आदिवासी जनजाति | अपांग |
| CIT-१२/०८२-८३ | सहायक अधिकृत | छैठौ | प्रशासन | २ (दुई) | १ (एक) | १ (एक) | - | - |
| CIT-१३/०८२-८३ | सहायक कम्यूटर अधिकृत | छैठौ | प्राविधिक | १ (एक) | १ (एक) | - | - | - |
| CIT-१४/०८२-८३ | वरिष्ठ सहायक | पाचौं | प्रशासन | १ (एक) | १ (एक) | - | - | - |
| CIT-१५/०८२-८३ | सहायक | चौथो | प्रशासन | ७ (सात) | ४ (चार) | १ (एक) | १ (एक) | १ (एक) |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः**

सम्मानीत सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आ.व. २०७९/०८० मा समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटी हुन गएको क्षतिको समेत पूर्ति हुनेगरी कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी पदपूर्ति गरिनेछ।

क) उमेरको हद (दरखास्त दिने अन्तिम मिति सम्म) : सहायकस्तरको पदमा अठार वर्ष उमेर पुरा भएको र पैतीस वर्ष ननाघेको। अधिकृतस्तरको पदमा एक्काईस वर्ष उमेर पुरा भएको र पैतीस वर्ष ननाघेको। महिला र अपाङ्गता भएको उम्मेदवारको लागि चालीस वर्ष ननाघेको। कोषमा कार्यरत स्थाई कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम तथा समावेशी प्रमाणपत्र प्राप्त गर्ने प्रयोजनको लागि गणना गरिने छैन।

ग) उम्मेदवार हुन भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सरकारी वा कुनै संगठित संस्थाको नोकरीबाट हटाइएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र गैर नेपाली नागरिक हुनु हुदैन।

घ) विज्ञापन अनुसार प्रत्येक पदको लागि दरखास्त फाराम छुट्टाछुट्टै भर्नुपर्नेछ।

ङ) म्याद नाघी वा रित नपुगी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

च) **सेवाको प्रकार :** स्थायी ।

छ) **परीक्षाको किसिम :** वि.नं. १२ को लिखित परीक्षा, प्रस्तुतीकरण र अन्तर्वाता, वि.नं. १३ को लिखित परीक्षा, प्रयोगात्मक परिक्षा र अन्तर्वार्ता र वि.नं.१४ र १५ को लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता हुनेछ।

ज) **परीक्षा दस्तुर :** अधिकृतस्तर, छैठौं तहको लागि रु.१,०००।- र सहायक स्तर तर्फको पदको लागि रु.६००।- रहेको छ। एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समूहमा सहभागी हुने भएमा प्रत्येक समूहका लागि थप २५ प्रतिशत दस्तुर लाग्नेछ। सहायक चौथो तहको हकमा परीक्षा दस्तुर QR मार्फत भुक्तानी गर्न सकिनेछ।

झ) **तलब तथा सुविधा :** कोषको नियमानुसार ।

ञ) **परीक्षा हुने मिति** :लोक सेवा आयोगबाट परीक्षा कार्यक्रम निर्धारण भएपश्चात् आयोग र कोषको वेवसाइटमा प्रकाशित गरिने छ।

ट) **परीक्षण काल:** परीक्षणकाल कोषको नियमानुसार रहनेछ।

ठ) काम गर्नुपर्ने स्थान : काठमाण्डौं र काठमाण्डौं उपत्यका बाहिरका कोषका शाखा कार्यालयहरु।

ड) **<u>आवश्यक न्यूनतम शैक्षिक योग्यता :</u>**

१) सहायक अधिकृत, छैठौं तह, प्रशासनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उतिर्ण वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक सहित चार्टर्ड एकाउण्टेण्ट (सिए) कोर्ष उर्तिण गरी सम्बन्धित निकायबाट व्यवसायिक प्रमाणपत्र लिएको वा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ ।

२) सहायक कम्प्यूटर अधिकृत, छैठौं तह, प्राविधिकको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्यूटर वा सूचना प्रविधि बिषयमा स्नातकोत्तर तह उतिर्ण वा कम्प्यूटर इन्जिनियरिङ्गमा स्नातकोत्तर तह उतिर्ण वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

३) वरिष्ठ सहायक, पाचौं तह, प्रशासनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

४) सहायक, चौथो तह, प्रशासनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

**<u>समावेशीतर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु :</u>**

**समावेशी तर्फका उम्मेदवारहरुले देहाय बमोजिमका कागजातहरु समेत पेश गर्नु पर्नेछ।**

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन,२०५८ मा सूचीकृत भएको जातिको हकमा सोही ऐनको सूचीको आधारमा, तर आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन,२०५८ मा सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थर भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ख) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) अपाङ्गका हकमा समाज कल्यान परिषदबाट जारी भएको अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएको ब्यक्तिको अधिकार सम्बन्धी ऐन,२०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचय पत्र ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# भुल सुधार गरिएको बारे

नागरिक लगानी कोषको मिति २०८२।१०।९ मा प्रकाशित दरखास्त आह्वानको सूचनामा  बि.नं ०९/०८२-८३ नायव व्यवस्थापक, नवौ तह प्रशासन सेवा र बि.नं CIT-१३/०८२-८३ सहायक कम्प्यूटर अधिकृत, छैठौ तहको बुँदा नं (६) मा लिखित परीक्षा, प्रयोगात्मक परिक्षा र अन्तर्वार्ता तथा विज्ञापन नं. CIT-१५/०८२-८३, सहायक, चौथो तहको परीक्षा दस्तुर QR  मार्फत भुक्तानी गर्ने हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ  ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**